बैठक संख्या : ४८

आज मिति २०८१ साल असार २३ गते आइतबार दिनको ३:०० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

**-:: उपस्थिति ::-**

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | अनुपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा. सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रबहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रविन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाई | उपस्थित |
| २६ | प्रशासकीय अधिकृत | श्री ध्रुवराज नेपाल | उपस्थित |

**छलफलका विषयः**

१. आ.व. २०८१।०८२ को बजेट तथा कार्यक्रम नगर सभामा पेश गर्ने सम्बन्धमा,

२. विविध ।

-:: निर्णयहरू ::-

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| १ | गत बैठकको निर्णय समिक्षा सम्वन्धमा। | बनेपा नगरपालिका, नगर कार्यपालिकाको गत बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको प्रगतिको सम्बन्धमा समिक्षा गरियो। |
| २ | नगर सभाको चौधौं अधिवेशनको दोस्रो सत्र सम्बन्धमा | नगर सभाको चौधौं अधिवेशनको दोस्रो सत्रका लागि निर्धारित मिति र समयमा सभा सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने । |
| ३ | नगर सभाको चौधौं अधिवेशनको दोस्रो सत्रमा पेश गरिने विशेष प्रस्ताव सम्बन्धमा | नगर सभाको चौधौं अधिवेशनको दोस्रो सत्रमा देहाय बमोजिमका प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।<br>क) यस नगरपालिकाद्वारा संचालित योजनाहरुको अनुगमन तथा जाँचपास फरफारक गर्न गठित समितिबाट आ.व. २०८०/८१ मा पटक पटक अनुगमन भई जाँचपास तथा फरफारक भएका योजना तथा कार्यक्रम अनुमोदनका लागि नगरसभामा प्रस्ताव प्रस्तुत गर्ने ।<br>ख) महालेखा परीक्षकको कार्यालयबाट बनेपा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अन्तिम लेखा परीक्षण भई प्रारम्भिक प्रतिवेदन प्राप्त भई सोको प्रतिक्रिया पठाई अन्तिम प्रतिवेदन समेत प्राप्त भएकोले उक्त प्रतिवेदन उपर छलफल हुँदा प्रतिवेदनमा उल्लेख भई आएका सुझावहरूलाई कार्यान्यिन गर्ने गरी उक्त प्रतिवेदन अनुमोदनका लागि नगरसभामा प्रस्ताव प्रस्तुत गर्ने ।<br>ग) बनेपा नगरपालिकाको मौजुदा दरबन्दी तथा संगठन स्वरूपको संगठन तथा व्यवस्थापन सर्वेक्षण (OandM) प्रतिवेदन स्वीकृतिका लागि बगमती प्रदेश सरकारमा पेश गरी सकिएको हुँदा उक्त प्रतिवेदन स्वीकृत भई नआएसम्म बनेपा नगर कार्यपालिकाका लागि चालु आ.व. २०८०/८१ सम्ममा मौजुदा रहेको दरवन्दी तथा संगठन स्वरूपलाई स्वीकृति गरी निरन्तरता दिन नगरसभामा प्रस्ताव प्रस्तुत गर्ने ।<br>घ) बनेपा नगर कार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत अस्थायी, करार र ज्यालादारी सेवाका कर्मचारीहरूमध्ये आवश्यक कर्मचारीहरूको आ.व. २०८१/८२ को लागि समेत म्याद थप गर्ने अधिकार कार्यपालिकामा |

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| | | प्रदान गर्न नगरसभामा प्रस्ताव प्रस्तुत गर्ने ।<br>ङ) बनेपा नगरपालिकाको न्यायिक समितिबाट आर्थिक वर्ष २०८०/८१ मा सम्पादन भएका कामको वार्षिक विवरण स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५३ (२) बमोजिम जानकारीका लागि नगरसभामा प्रस्ताव प्रस्तुत गर्ने ।<br>च) बनेपा नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ को दफा ६० (२) बमोजिम आ.व. २०८०/८१ सम्म सूचीकरण तथा अध्यवधिक भएका मेलमिलापकर्ताहरूको सूची आगामी आ.व. २०८१/८२ का लागि समेत अध्यावधिक गर्नका लागि नगरसभामा प्रस्ताव प्रस्तुत गर्ने ।<br>छ) बनेपा नगरपालिकाका लागि तयार भई पेश भएको नगर यातायात गुरूयोजना (MTMP), २०८१ स्वीकृतिका लागि नगरसभामा प्रस्ताव प्रस्तुत गर्ने ।<br>ज) चालु आर्थिक वर्ष २०८०/८१ मा संचालित आयोजनाहरूमध्ये वडा समितिबाट सिफारिस भएर कार्यपालिकाबाट स्वीकृत भई कार्यान्वयन गरिएका वडास्तरी आयोजनाहरुका साथै चालु आ.व.मा सम्पादन भएका नीतिगत तथा प्रशासनिक निर्णय तथा वित्तीय कारोवारहरू अनुमोदनका लागि नगरसभामा प्रस्ताव प्रस्तुत गर्ने ।<br>झ) यस नगरपालिकाको आवश्यकता अनुसार विभिन्न मितिहरूमा कार्यपालिका बैठकबाट भएका आयोजनाहरूको संसोधन एवं थप भई संचालन भएका आयोजनाहरू अनुमोदनका लागि नगरसभामा प्रस्ताव प्रस्तुत गर्ने ।<br>ञ) आगामी आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन गरिने वडास्तरीय आयोजनाहरू वडाको सिफारिस बमोजिम कार्यपालिका बैठकबाट स्वीकृति गर्ने र कुनै निकायबाट अबण्डा बजेट प्राप्त भएमा त्यस्तो बजेटबाट सञ्चालन गरिने योजना तथा कार्यक्रम स्वीकृत गर्ने तथा कुनै योजना तथा कार्यक्रमको नाम परिवर्तन गर्नुपर्ने भएमा त्यसरी नाम परिवर्तन गर्ने अधिकार कार्यपालिकामा प्रत्यायोजन अनुमोदनका लागि नगरसभामा प्रस्ताव प्रस्तुत गर्ने ।<br>ट) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका वित्तीय हस्तान्तरण अन्तर्गतका सशर्त, समपुरक तथा विशेष अनुदान र प्रधानमन्त्री रोजगार कार्यक्रम अनुदानका कार्यक्रमहरू तोकिए बमोजिम नै खर्च गर्नेगरि बजेट समाहित गर्न नगरभामा प्रस्ताव प्रस्तुत गर्ने ।<br>ठ) बनेपा नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ का लागि बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा तयार भएको मध्यमकालीन खर्च संरचना (MTEF) अनुमोदनका लागि नगरभामा प्रस्ताव प्रस्तुत गर्ने ।<br>ड) बनेपा नगरपालिकाको आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रममा |

उपप्रमुख प्रमुख

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| | | समावेश गर्नका लागि नगर क्षेत्रभित्र संचालित गैरसरकारी संस्थाहरूले पेश गरेका बजेट तथा कार्यक्रम नगरपालिकाको बजेट तथा कार्यक्रम पुस्तिकामा समावेश गर्न नगरभामा प्रस्ताव प्रस्तुत गर्ने । |
| | | ढ) यस नगरपालिकाको आ.व. २०७९/८० को स्थानीय तह स्वमूल्याङ्कन प्रतिवेदन र वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना प्रतिवेदन अनुमोदनका लागि नगरभामा प्रस्ताव प्रस्तुत गर्ने । |
| | | ण) यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/८१ मा संझौता भई कार्यादेश भएका तर भुक्तानी हुन बाँकी रहन जाने उपभोक्ता समिति मार्फत संचालित योजनाहरू तथा परामर्श सेवा खरिद सम्बन्धी कार्यका लागि स्वीकृत बजेट यस आ.व.मा खर्च नभई मौज्दात रहने रकमबाट व्यहोरिने गरी मिति २०८१ साल मंसिर मसान्तसम्ममा भुक्तानीको व्यवस्था मिलाउने गरी आगामी आ.व. २०८१/८२ को बजेटमा आवश्यक रकम व्यवस्था गरी खर्च गर्न कार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजनका लागि नगरभामा प्रस्ताव प्रस्तुत गर्ने । |

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनयोजित रकम | सम्झौता रकम | हालसम्म भुक्तानी | भुक्तानी बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शहिदमार्ग स्मारक खेल मैदान निर्माण बनेपा ६ | ६ | १०००००० | १०००००० | ० | १०००००० | मुद्दा परेको हुदाँ |
| २ | उग्रतारा मार्गको तल्लो भञ्याङमा वाल निर्माण बनेपा १० | १० | ५००००० | ५००००० | १६०००० | ३४०००० | मुद्दा परेको हुदाँ |
| ३ | कुस्लेटार खोलेखेत मोटरबाटो वाल निर्माण बनेपा ११ | ११ | २०००००० | २०००००० | ० | २०००००० | अनुगमन गर्दा सुधार गर्नुपर्ने देखिएकोले |
| ४ | भक्तेश्वर मा.वि.भवन निर्माण | ६ | ३३३३३३४ | ३३३३३३४ | २१३३३३२. | ३,३३,३३३।३६ | जि.स.स.साझेदारी सम्झौता ढिला भएको |
| ५ | चण्डेश्वरी मा.वि.भवन निर्माण | ४ | ३३३३३३४ | ३३३३३३४ | १०६६६६६.८८ | १३,३३,३३३।३६ | जि.स.स.साझेदारी सम्झौता ढिला भएको |
| ६ | शान्ती पार्क डि.पि.आर. | ११ | ५००००० | ५००००० | ० | ५००००० | प्रतिवेदन सुधार गर्नुपर्ने देखिएकोले |
| ७ | सल्ले मोटरबाटो [illegible] | ११ | १५,००,०००। | १६,७६,५५१। | | १६,७६,५५१। | साइट क्लियरेन्समा समय नपुग भएकोले |
| ८ | नाला काशिभञ्ज्याङ सडक अन्तर्गत वडा कार्यालय [illegible] | ३ | ४,३०,०००। | ४,३०,०००। | | ४,३०,०००। | अन्तिम बिल तयार हुन बाँकी रहेकाले |
| जम्मा | | | | | | | |

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| ४ | का.स. ईश्वर रंजितको सेवा परिवर्तन | यस कार्यालयमा कार्यालय सहंयोगी पदमा स्थायी नियुक्त भई कार्यरत श्री ईश्वर रंजितले आफुसँग हलुका तथा भारी सवारी चालक अनुमती पत्र रही सवारी चालकको काम समेत गरी आएको हुँदा मेरो सेवा परिवर्त गरी सवारी |

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| | सम्बन्धमा | चालक पदमा कायम गरी पाउँ भनि दिएको निवेदन उपर छलफल हुँदा निजले यस कार्यालयमा रहेका ट्रिपर, जेटिङ मेशिन लगायतका सवारी साधन आवश्यकता अनुसार सञ्चालन गरी रहेको र आगलागीको अवस्थामा मिनी दम्कल सञ्चालनको काम समेत निजले नै सम्पादन गरी आएकाले निजले खाइपाई आएको सेवा सुविधामा फरक नपर्ने गरी यस कार्यालयको हलुका सवारी चालक पदमा सेवा परिवर्तन गर्ने निर्णय गरियो । |
| ५ | चण्डेश्वरी सिढीको भुक्तानी सम्बन्धमा | यस नगरपालिकाद्वारा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको अनुदान सहयोग समेतमा सञ्चालित चण्डेश्वरी गोशाइकुण्ड सोह्रसय सिढी निर्माण योजनाको मन्त्रालयबाट प्राप्त हुन बाँकी रकम उपलब्ध गराइदिन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । |
| ६ | नगर सभाको चौधौं अधिवेशनको कार्यसूची स्वीकृत गर्ने बारे | बनेपा नगरपालिकाको नगर सभाको चौधौं अधिवेशनका लागि देहाय बमोजिमको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो । |

बनेपा नगरपालिका

नगर सभाको चौधौं अधिवेशनको दोस्रो सत्र

२०८१ असार २६

कार्यसूची

| कार्यक्रम | | अनुमानित समय | कैफियत |
|---|---|---|---|
| सभाका सदस्यहरुको आगमन र जलपान | | ८:००-८:४५ | |
| १. | सभाका सदस्यहरु सभा कक्षमा प्रवेश तथा उपस्थिति | ८:४५-९:०० | |
| २. | नगर सभाका अध्यक्ष एवं बनेपा नगरपालिकाका प्रमुखज्युको सभामा आगमन | ९:०० | |
| ३. | सभाध्यक्षबाट आशन ग्रहण र राष्ट्रिय गान तथा नगर गान प्रस्तुती | ९:००-९:१० | |
| ४. | बनेपा नगरपालिकाका उपप्रमुखले मिति २०८१।३।१० मा टेबुल गरेको बनेपा नगरपालिकाको आर्थिक विधेयक, २०८१ उपर छलफल प्रारम्भ | ९:१०-१०:०० | |
| ४. | सभा समक्ष टेबुल भएको बनेपा नगरपालिकाको आर्थिक विधेयक, २०८१ निर्णयार्थ प्रस्तुत | १०:१०-१०:२० | |
| ६. | बनेपा नगरपालिकाका उपप्रमुखबाट सभा समक्ष टेबुल भएको आ.व. २०८१।०८२ को बजेट तथा कार्यक्रम र विनियोजन विधेयक, २०८१ उपर छलफल | १०:२०-११:०० | |
| ८. | बजेट तथा कार्यक्रम र विनियोजन विधेयक, २०८० निर्णयार्थ प्रस्तुत | ११:००-१० | |
| ७. | नगर सभाका अध्यक्षबाट विविध प्रस्तावहरु सभा समक्ष टेबुल | ११:१०-११:३० | |
| १०. | विविध प्रस्ताव निर्णयार्थ प्रस्तुत | ११:३०-११:४० | |
| ११. | बनेपा नगरपालिकाको नगर सभाको बाह्रौ अधिवेशन समापन समारोह | ११:४०-१२:०० | |
| सभाध्यक्षबाट धन्यवाद सहित बाह्रौ अधिवेशन अन्तको घोषणा | | १२:००-१२:२० | |
| दिवाकालिन भोज | | | |

उपप्रमुख

प्रमुख